आज मिति २०८०/११/२९ गते मंगलबारका दिन यस सिद्धलेक गाउँपालिकाको गाउँ शिक्षा समितिका अध्यक्ष एवम् गाउँपालिका अध्यक्ष श्री परशुराम खतिवडाको अध्यक्षतामा तपशिलका सदस्यहरुको उपस्थितिमा बैठक बसी निम्न प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिमको निर्णय गरियो ।

उपस्थिति

१) अध्यक्ष:- श्री परशुराम खतिवडा - गाउँपालिका अध्यक्ष

२) सदस्य:- श्री बुधे घले - वडा अध्यक्ष

३) सदस्य:- श्री सरिता रोक्का - गाउँपालिका महिला सदस्य

४) सदस्य:- श्री ध्रुब प्रसाद सिलवाल - सा. वि. का. प्र. अ.

५) सदस्य:- श्री कोपिला थापा मगर - महिला शिक्षक

६) सदस्य:- श्री दाताराम सिलवाल - शिक्षासेवी तथा बुद्धिजीवि

७) सदस्य:- श्री दिपक अर्याल - शिक्षासेवी तथा बुद्धिजीवि

८) सदस्य सचिव:- रामविनय शाह - सामाजिक विकास अधिकृत

आमन्त्रित उपस्थिति

श्री डा चक्र वली - नि प्रमुख प्रशासकीय अधिकृत

श्री रामेश्वर पुडासैनी -प्राविधिक सहायक - शिक्षा, युवा तथा खेलकुद शाखा

Scanned with CamScanner

**प्रस्ताव नं.१- शून्य दरबन्दी भएका सामुदायिक विद्यालयहरुलाई अनुदान माग गर्ने सम्बन्धमा।**

**निर्णय नं. १.** प्रस्ताव नं. १ माथि छलफल गर्दा सिद्धलेक गाउँपालिका भित्र सञ्चालनमा रहेका शुन्य दरबन्दी भएका तपसिल बमोजिमका सामुदायिक विद्यालयहरुलाई आवश्यक अनुदान रकम संघीय सरकारसंग माग गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | अमृत आधारभूत विद्यालय | सिद्धलेक-१, अर्चले | |
| २ | अन्नपुर्ण आधारभूत विद्यालय | सिद्धलेक-५, रैकर | |
| ३ | रेवती आधारभूत विद्यालय | सिद्धलेक-३ झार्लाङ्दि | |
| ४ | वलदेवी आधारभूत विद्यालय | सिद्धलेक-१, पाउनेटार | |
| ५ | कालीकादेवी आधारभूत विद्यालय | सिद्धलेक-२, फाले | |
| ६ | बराह आधारभूत विद्यालय | सिद्धलेक-३, बसन्त | |
| ७ | कालिका आधारभूत विद्यालय | सिद्धलेक-६, डुम्रे | |
| ८ | कालिका आधारभूत विद्यालय | सिद्धलेक-७, अमिलिछाप | |
| ९ | जनजागरण आधारभूत विद्यालय | सिद्धलेक-२, कुवापानीटार | |
| १० | सरस्वती आधारभूत विद्यालय | सिद्धलेक-२, विष्टारी | |
| ११ | चतुरादेवी आधारभूत विद्यालय | सिद्धलेक-२, आपृ | |
| १२ | खड्कदेवी आधारभूत विद्यालय | सिद्धलेक-३, झार्लाङ्दिटार | |
| १३ | बागभैरुङ आधारभूत विद्यालय | सिद्धलेक-५, बागभैरुङ | |
| १४ | भूमेश्वर आधारभूत विद्यालय | सिद्धलेक-७, शेराबेसी | |

**प्रस्ताव नं.२- कक्षा थपको लागि अनुमती दिने सम्बन्धमा।**

**निर्णय नं. २.** प्रस्ताव नं. २ माथि छलफल गर्दा सिद्धलेक गाउँपालिका भित्र शैक्षिक वर्ष २०८० मा कक्षा ६ सञ्चालन गरेका सामुदायिक विद्यालयहरु क्रमशः मनकामना आधारभूत विद्यालय, सिद्धलेक-५, काम्राङ र कुम्पुर आधारभूत विद्यालय, सिद्धलेक-६, कुम्पुर भञ्ज्याङलाई शैक्षक वर्ष २०८१ देखि कक्षा ७ सञ्चालन गर्न अनुमती दिने निर्णय गरियो ।

**प्रस्ताव नं.३- कक्षा -८ को परीक्षा केन्द्र सम्बन्धमा।**

**निर्णय नं. ३** प्रस्ताव नं. ३ माथि छलफल गर्दा मिति २०८०।११।१६ गते बसेको प्रधानाध्यपकहरुको वैठक र मिति २०८०।११।२२ गते बसेको गाउँपालिका स्तरीय कक्षा ८ को परीक्षा समितिको

सिद्धलेक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुङचुङ, धादिङ बागमती प्रदेश नेपाल

परशुराम खतिवडा
अध्यक्ष

Scanned with CamScanner

वैठकले तोकेबमोजिमको तपसिल बमोजिमको विद्यालयहरुको कक्षा ८ को परीक्षा केन्द्र रहने निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

आधारभूत तह उत्तिर्ण परीक्षा कक्षा ८ को परीक्षा केन्द्रहरु

| केन्द्र नं. | परीक्षा केन्द्र | परीक्षा केन्द्रको ठेगाना | सहभागी विद्यालय संख्या | सहभागी विद्यालयहरु | सहभागी विद्यालयहरुको ठेगाना |
|---|---|---|---|---|---|
| १ | श्री नलाङ माध्यमिक विद्यालय | सिद्धलेक-१, चरिमारे | २ | श्री मिन्दुका माध्यमिक विद्यालय | सिद्धलेक -१ , बैंरनी |
| | | | | श्री नलाङ मा.वि | सिद्धलेक-१, चरिमारे |
| | | | | | जम्मा |
| २ | श्री सिद्धेश्वर माध्यमिक विद्यालय | सिद्धलेक-२, ठाँटी | ४ | श्री नलाङ आ वि | सिद्धलेक-२ सुन्दरपानी |
| | | | | श्री नलाङ मोडेल एकेडेमी | सिद्धलेक-२ |
| | | | | श्री सिद्धेश्वर मा वि | सिद्धलेक-२ ठाँटी |
| | | | | श्री नलाङ पात्ले मा वि | सिद्धलेक -२ पात्ले |
| | | | | | जम्मा |
| ३ | श्री अकलादेवी मा वि | सिद्धलेक -३ कमलाबारी | ३ | श्री अमरआदर्श माध्यमिक विद्यालय | सिद्धलेक-३, डुमीडाँडा |
| | | | | श्री अकलादेवी माध्यमिक विद्यालय | सिद्धलेक-३ कमलाबारी |
| | | | | श्री पञ्चमुखी माध्यमिक विद्यालय | सिद्धलेक-३ मैदान |
| | | | | | जम्मा |
| ४ | श्री चक्रमहाकाली आ वि | सिद्धलेक-४ गौथले | ३ | श्री कालीदेवी माध्यमिक विद्यालय | सिद्धलेक-४ आरुबास |
| | | | | श्री जलेश्वरि मा वि | सिद्धलेक-४ सलाङघाट |
| | | | | | जम्मा |
| ५ | श्री महाकाली मा वि | सिद्धलेक-७ पिपलटार | ३ | श्री जाल्पादेवी आ .वि. | सिद्धलेक-७, भालडाँडा |
| | | | | श्री सत्यवती मा.वि. | सिद्धलेक-७ आदमटार |
| | | | | श्री महाकाली मा वि. | सिद्धलेक-७ पिपलटार |
| | | | | | जम्मा |
| ६ | श्री कुम्पुर आ वि | सिद्धलेक-६ कुम्पुर | २ | बागबच्छला मा वि | सिद्धलेक-, भालडाँडा |
| | | | | सुन्दरी मा वि | सिद्धलेक-७ आदमटार |
| | | | | | जम्मा |

**प्रस्ताव नं.४- सामुदायिक विद्यालयमा अध्ययन गराउनु पर्ने सम्वन्धमा ।**

**निर्णय नं. ४-** प्रस्ताव नं. ४ माथि छलफल गर्दा सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न र सामुदायिक विद्यालयहरुप्रति समुदायको चासो जागृत गराउन, समुदायलाई जिम्मेवार र जवाफदेहि बनाउनकोलागि सरकारी स्रोतबाट तलबभत्ता खाने शिक्षक, कर्मचारी, जनप्रतिनिधि, सुरक्षा निकायमा कार्यरत कर्मचारी सबैका छोराछोरीहरुलाई शैक्षिक वर्ष २०८१ देखि नै कक्षा ५ सम्म अनिवार्य रुपमा सामुदायिक विद्यालयमा अध्ययन गराउनु पर्ने निर्णय गरियो ।

परशुराम खतिवडा
अध्यक्ष

Scanned with CamScanner

**प्रस्ताव नं ५- कालिदेवी माध्यमिक विद्यालयको शिक्षक शिव थापालाई प्रचलित शिक्षा ऐन नियमावली अनुसार कारवाही गर्ने तथा सो विद्यालयको प्रधानाध्यापकसंग घटनाको बारेमा स्पष्टिकरण शोध्ने सम्बन्धमा।**

**निर्णय नं. ५** कालिदेवी माध्यमिक विद्यालयमा भएको भनिएको बालिका बलत्कारको घटनाको बारेमा प्रहरी अनुसन्धान भैरहेको र कानुनी निर्णय हुन बाँकी रहेको सन्दर्भमा अभियोग लागेको शिक्षक शिव थापालाई हाल प्रचलित शिक्षा ऐन नियमावली अनुसार कारबाही गर्न गराउन शिक्षा शाखालाई निर्देशन दिने निर्णय भयो । साथै कालिदेवी माध्यमिक विद्यालयको प्रधानाध्यापकसंग घटनाको बारेमा स्पष्टिकरण शोध्ने निर्णय गरियो ।

परशुराम खतिवडा
अध्यक्ष

Scanned with CamScanner